# शोधप्रबन्धको सारांश

साहित्यका विविध विधाहरूमध्ये कथा एउटा सशक्त विधा हो। यस विधामा आधुनिक भारतीय नेपाली कथाकारहरूले कलम चलाएका छन्। त्यसमध्ये सानु लामा पनि एकजना प्रतिभाशाली कथाकारको रूपमा परिचित छन्। कथाकारहरूले विशेष सामाजिक यथार्थलाई लिएर कथा लेख्ने गर्छन्। सामाजिक यथार्थको एउटा प्रमुख घटकको रूपमा परिवारलाई मानिन्छ। यसैले पारिवारित जीवनको चित्रण कथाकारहरूले कुन रूपको चित्रण आफ्ना कथाहरूमा गरेका हुन्छन् भन्ने कुराको अध्ययन गर्ने उद्देश्यले प्रस्तुत शोध प्रबन्धको शीर्षक 'सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण' राखिएको छ। यसक्रममा सानु लामाले चित्रण गरेका परिवारका आकार, प्रकार, विशेषता आदिको अध्ययन तथा विश्लेषण गर्ने प्रयास शोध प्रबन्धमा गरिएको छ।

मोठ छवटा अध्यायमा विभाजित यस शोध प्रबन्धको प्रथम अध्यायमा शोध प्रबन्धको परिचय राखिएको छ। प्रथम अध्यायमा जम्मा दसवटा उपशीर्षक दिएर यसको सङ्गठनात्मक रूप तयार पारिएको छ। ती उपशीर्षकहरू हुन् - १)शोध शीर्षक,२) शोध समस्याकथन, ३) शोधकार्यको उद्देश्य, ४) पूर्वकार्यको सर्वेक्षण ५) शोधको अवश्यकता र औचित्य, ६)शोधकार्यको सीमाङ्कन, ७) शोधविधि, ८) शोधकार्यको सङ्गठन, ९) शोध प्रबन्धको प्ररूप र १०) भावी शोधकर्तालाई सुझाउ।

प्रस्तुत शोध प्रबन्धको दोस्रो अध्यायमा 'परिवार एवम् पारिवारिक जीवन' शीर्षकअन्तर्गत जम्मा आठवटा उपशीर्षकहरूमा विषयको विभाजन गरी प्रस्तुत गरिएको छ। यस अध्यायमा रहेका उपशीर्षकहरू - १) परिवारको अर्थ र परिभाषा, २) परिवारको प्रकृति, ३) परिवारका प्रकार्य, ४) परिवारका विशेषता, ५) परिवारका

प्रकार, ६) नेपालीहरूको पारिवारिक जीवनका विशेषता र प्रकार, ७)नेपालीहरूको पारिवारिक जीवनको बद्लँदो स्वरूपका मूल कारणहरू र ८) निष्कर्ष रहेका छन्। सर्वप्रथम यस अध्यायमा रहेका उपर्युक्त उपशीर्षकहरूअन्तर्गत परिवारसँग सम्बन्धित विद्वान्हरूले दिएका विभिन्न परिभाषालगायत यसका प्रकार, विशेषता, नेपालीहरूको पारिवारिक जीवनको बद्लंदो स्वरूप आदिको अध्ययन गर्ने काम गरिएको छ।

प्रस्तुत अध्यायमा पारिवारिक जीवनबारे प्राप्त विविध पक्षहरूको अध्ययन गर्दा प्राप्त गरिएका तथ्याङ्कहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ -

- समाजमा भएका विभिन्न सङ्गठनहरूमध्ये ‘परिवार’ मानव जीवनसित सम्बन्धित पहिलो सामाजिक सङ्गठन हो। अतः सामाजिक संरचनाको प्राथमिक एकाइ परिवार हो।
- परिवार विवाहबाट स्थापित हुने सामाजिक संस्था हो जसमा एउटी नारी र एउटा पुरुष हुनु आवश्यक हुन्छ।
- परिवार सानो समाज हो जहाँ सामाजिक जीवनसँग सम्बन्धित प्रत्येक कुरा व्यक्तिले सिकिरहेको हुन्छ।
- परिवारले मुख्यतः मानिसका अनेकौँ आवश्यकताहरू पूर्ति गर्नाका साथै मानिसको वैयक्तिक एवम् सामाजिक व्यक्तित्वको विकास पनि गर्छ।
- नेपाली समाजमा रहेको परम्परागत पारिवारिक कार्यका तुलनामा वर्तमान नेपाली परिवारलाई हेर्दा पारिवारिक जीवनको ढाँचा तथा कार्य क्षेत्रमा अनेकौँ परिवर्तनहरू आएका छन्।
- विभिन्न नयाँ नयाँ विचार, परिपाटी आदिले गर्दा नेपाली परिवारको परम्परागत संयुक्त पद्धति विघटित हुँदै एकात्मक परिवारको निर्माण भएको देखिन्छ।

- यसरी प्रत्येक सामाजिक संस्थाहरू समय र परिस्थितिअनुसार भत्कँदै बन्दै गए झैँ नेपाली परिवारको संरचनामा पनि हेरफेर भइरहेको छ।

'कथाकार सानु लामाको व्यक्तित्व र कृतित्वको परिचय' शीर्षक तेस्रो अध्यायमा सानु लामाको परिचय दिने काम गरिएको छ। यस अध्यायमा सानु लामाको व्यक्तित्व र कृतित्वलाई छुट्टाछुट्टै रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ। यसमा सानु लामाको व्यक्तित्वको परिचयअन्तर्गत पाँचवटा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन प्रस्तुत गरिएको छ। ती उपशीर्षकहरू हुन् – १) जन्म, बाल्यकाल, २) शिक्षा र कर्ममय जीवन, ३) साहित्यिक जीवन, ४) वैवाहिक र पारिवारिक जीवन, ५) धार्मिक सानु लामा। यसरी नै सानु लामाको कृतित्वको परिचयअन्तर्गत चारवटा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन प्रस्तुत गरिएको छ। ती उपशीर्षकहरू हुन् – १) सानु लामाका कथा कृतिहरूको परिचय, २) सानु लामाको उपन्यासको अध्ययन, ३) सानु लामाका आख्यानेतर कृतिहरूको परिचय र ४) अन्यान्य।

यस अध्यायमा उक्त उपशीर्षकहरूमा सानु लामाको व्यक्तित्वका साथै साहित्यिक योगदानहरूलाई छुट्टाएर सङ्क्षेपमा अध्ययन गर्ने प्रयास गरिएको छ। यसक्रममा प्राप्त निष्कर्षलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिन्छ -

- सानु लामा एकजना कुशल अभियन्ताका साथै साहित्यका विभिन्न विधामा कलम चलाउने वरिष्ठ साहित्यकार पनि हुन्।
- सानु लामा आफूले एकपल्ट रोजेर साधनापूर्वक निर्माण गरेको मार्ग र परिपाटी सितिमिती छोड्दैनन्। उनी दृढ्तापूर्वक त्यसैमा अडिएर बस्छन् भन्ने कुरा उनको व्यक्तित्त्व र कृतित्त्वको अध्ययनबाट स्पष्ट हुँदछ।

- समाजका ससाना घटना प्रसङ्गलाई जीवन्तता दिँदै कथा लेख्ने कथाकार सानु लामाका कथाले विशेष रूपमा सम्पूर्ण नेपालीहरूको जीवनवृत्त बोकेको आभास हुँदछ।
- कथाको आरम्भदेखि नै पाठकवर्गमा कौतुहल जगाउन सक्नु उनका कथाको विशेषता रहेको छ।
- स्थानीय वस्तुतथ्यका आधारमा मानवीय जीवनका स्थिति तथा सङ्कटहरूको सत्यापन गराउँदै कथाको निर्माण गर्ने वरिष्ठ भारतीय नेपाली कथाकारहरूमध्ये सानु लामा पनि एकजना हुन्।

शोध प्रबन्धको चौथो अध्यायमा 'सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण' शीर्षक दिई उनका कथामा पाइने पारिवारिक जीवनका विविध पक्षबारे अध्ययन गरिएको छ। यसअन्तर्गत सानु लामाको कथाकारितालाई पनि प्रस्तुत गरिएको छ। यस अध्यायमा 'सानु लामाका कथामा पारिवारिक  जीवनको चित्रणको अध्ययन' अन्तर्गत १) सदस्य सङ्ख्याका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन, २) विवाहका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन, ३) निवासका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनक, ४) शिक्षा र अशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन, ५) आधुनिकता र सनातनताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन र ६) आर्थिक सम्पन्नता र विपन्नताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन गरी मोठ छवटा उपशीर्षकहरू दिएर सानु लामाका कथामा चित्रित पारिवारिक जीवनको गहन अध्ययन प्रस्तुत गर्ने काम गरिएको छ।

प्रस्तुत अध्यायमा सानु लामाका कथामा पाइने पारिवारिक सम्बन्धलाई दाम्पत्य र दाम्पत्येत्तर सम्बन्ध गरी दुई भागमा विभाजन गरेर अध्ययन प्रस्तुत गरिएको छ। यहाँ

दाम्पत्य सम्बन्धको अध्ययन प्रस्तुत गर्ने क्रममा सफल दाम्पत्य र असफल दाम्पत्य जीवनको चित्रणबारे पनि अध्ययन गरिएको छ। दाम्पत्येतर सम्बन्ध भन्नाले एउटा परिवारमा पति-पत्नीको सम्बन्धबाहेक अन्य सबै थरीको पारिवारिक सम्बन्ध बुझिन्छ। सानु लामाका कथामा पाइने त्यस्ता पारिवारिक सम्बन्धलाई प्रस्तुत अध्यायमा चर्चा-परिचर्चा गर्ने काम गरिएको छ।

यस अध्यायमा प्राप्त निष्कर्षलाई यहाँ निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिन्छ –

- सानु लामाले विशेष सामाजिक यथार्थलाई अप्नाएर कथा लेखेका भए तापनि त्यही समाज निर्माणको पहिलो तथा अति आवश्यक घटकको रूपमा रहेको मानिसद्वारा निर्मित परिवारको चित्रण उनका प्रायः कथामा कुनै न कुनै रूपमा रहेको भेट्याइन्छ।
- सानु लामाका कथालाई विविध सिद्धान्तहरूका आधारमा अध्ययन गरेको भेट्याइए तापनि उनले आफ्ना कथाहरूमा नेपाली परिवारमा देखिने अनेकौँ घटना तथा कुराहरूलाई समावेश धेर गरेको पाइन्छ, जसलाई उनको कथाकारिताको विशेषता मान्न सकिन्छ।
- उनका कथामा पात्रको त्यति भिड देखिँदैन। कथामा पात्र, चरित्र तथा संवाद र परिवेशको चाहिँदो वर्णन पाइन्छ।
- कथामा घटना र स्थिति परिस्थितिहरूको राम्रो संयोजन गरेर तारतम्य मिलाएर तिनलाई प्रस्तुत गर्न सानु लामा सफल बनेको देखिन्छ।
- उनका कथामा प्रायः कुराहरू पारिवारिक विषयसित जोडिएर बसेको देखिन्छ।

- उनले दैनिक जीवनमा खटीखाने परिवारदेखि सम्पन्न परिवारसम्मका मानिसहरूलाई कथामा टिपेका छन्। अतः उनका कथामा परिवारभित्रका विविध पक्षको विश्लेषण समेत भएको पाइन्छ।
- उनका कथामा चित्रित पारिवारिक सम्बन्धका आधारमा देखिने पति-पत्नीमाझको प्रेम, शङ्का र वियोग, एकाअर्काप्रति विश्वास-अविश्वास, वियोग-मृत्यु, वैंश-वसन्त, पोइला तथा सौता वा बहुविवाह आदि कुराहरू वस्तुरूपमा गृहित रहेका पाइन्छन्।
- उनका कथामा चित्रित पारिवारिक जीवन गाउँघरमा देखिरहेका, सुनिरहेका परिवारभित्रका घटनाहरू झैँ यथार्थ लाग्दछ।

प्रस्तुत शोध प्रबन्धको पाँचौँ अध्यायमा आधुनिक भारतीय नेपाली कथामा पाइने पारिवारिक जीवनको चित्रणबारे समीक्षात्मक अध्ययन गरिएको छ। शोध प्रबन्धको यस अध्यायको शीर्षक 'पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथा' राखी तीसम्बन्धी पाइएका कथाहरूको समीक्षात्मक अध्ययन पनि गरिएको छ। यसअन्तर्गत आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक जीवनको चित्रण, पारिवारिक सम्बन्धहरूको अध्ययन, पारिवारिक समस्याहरूको विवरण आदि उपशीर्षकमा विभाजन गरेर आधुनिक भारतीय नेपाली कथाहरूको अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरिएको छ। यसका अतिरिक्त यसै अध्यायमा पारिवारिक जीवनमा केन्द्रित सानु लामाका कथा र भारतीय अन्य कथाकारहरूका कथामा पाइने साम्य र वैषम्यलाई पनि छुट्ट्याउँदै बुँदागत रूपमा प्रस्तुत गर्ने काम गरिएको छ। आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक जीवनको अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई निम्नप्रकारले बुँदागत रूपमा देखाउन सकिन्छ –

- आधुनिक भारतीय नेपाली कथाकारहरूले आआफ्ना कथामा नेपाली समाजमा व्याप्त कुसंस्कार, कुप्रथा, अन्धविश्वास, छुवा-छुत प्रथा, बाल विवाह तथा अनमेल विवाह जस्ता सामाजिक विसंगतिहरूप्रति सुधारको भावनाले कथाको विषय बनाएको देखिन्छ।
- सामाजिक तौरमा मानिस एक्लो भएर होइन तर पारिवारिक सुखमा नै सुखी हुन्छ भन्ने तथ्यलाई अवगत गराउँदै आधुनिक भारतीय नेपाली कथाकारहरूले कथा लेखेको पाइन्छ।
- पारिवारिक सुख र शान्तिमा विशेष नारी जातिकै ठुलो भूमिका रहन्छ भन्ने सत्यलाई पनि प्रस्तुत गर्ने प्रयास गरिएको पाइन्छ। यसका साथै भारतीय नेपाली सामाजिक जीवनअन्तर्गत पारिवारिक जीवनको चित्रण गर्ने क्रममा विभिन्न कथाकारहरूले आआफ्ना सामाजिक मूल्य मान्यता तथा दृष्टिकोणका आधारमा आफ्ना कथाहरूमा परिवार र यसमा समस्याहरूको चित्रण गरेका छन्।
- नेपाली समाजमा व्याप्त सामाजिक तथा पारिवारिक विडम्बनाहरू, असङ्गतिहरू र परम्परागत रूढ मान्यताहरूले उप्जाएका समस्याहरूलाई कथाकारहरूले आफ्ना कथाका मूल कथ्य बनाएको पाइन्छ।

यस शोधकार्यको अन्तिम अध्याय शोधको उपसंहार र निष्कर्ष रहेको छ, जसमा सम्पूर्ण शोध प्रबन्धको सारका साथै निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। यस शोध प्रबन्धको निर्माणका क्रममा अध्ययन र प्रयोग गरिएका विभिन्न सन्दर्भ सामग्रीहरूको विवरण यथाविधि तयार पारी अन्तमा प्रस्तुत गरिएको छ।

प्रस्तुत शोध प्रबन्धमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रण विषयलाई लिएर अध्ययन गर्दा प्राप्त गरिएका तथ्याङ्कहरूको अध्ययनका आधारमा निकालिएको निष्कर्षलाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ -

- समाजको उत्पत्ति स्रोत परिवार हो। यसैले परिवार मानव जीवनसित सम्पर्कमा आउने पहिलो सामाजिक सङ्गठन हो।
- परिवार समाजको प्रमुख घटक हो, जसको सुव्यवस्थामा नै समाज व्यवस्थित र दरिलो हुन्छ।
- मानिसको जन्मदेखि मृत्युसम्म परिवारले कुनै न कुनै किसिमको प्रभाव पारी नै रहेको हुन्छ। परिवारमा व्यक्तिहरूमाझ दीर्घकालीन सम्बन्धको स्थापना एका अर्काबिचमा रहेको हुन्छ।
- दाम्पत्यको सम्बन्धबाट फैलिँदै गएर धेरै शाखा-प्रशाखा भएको वृक्षजस्तो परिवारको संरचना हुन्छ।
- परिवारले मुख्यतः मानिसका अनेकौँ आवश्यकताहरू पूर्ति गर्नाका साथै मानिसको वैयक्तिक एवम् सामाजिक व्यक्तित्वको विकास पनि गर्छ।
- परिवारले व्यक्तिलाई अनेक मानवीय तथा सामाजिक गुणहरू विकास गर्नमा सहयोग पुऱ्याउदछ।
- सानु लामाका कथाको मूल भावभूमि आञ्चलिक, सामाजिक एवम् पारिवारिक जीवनका यथार्थमा केन्द्रित पाइन्छन्। यसैले पारिवारिक जीवन उनका कथाको एउटा प्रमुख पक्ष रहेको देखिन्छ।
- सानु लामाका कथामा चित्रित पारिवारिक जीवनको अध्ययन गर्दा उनले प्रायः कथामा नै पारिवारिक जीवनको मूल्यबोधबारे राम्रा-नराम्रा पक्षलाई लिएर कथा लेखेको पाइन्छ।
- सानु लामाको 'तृषित मरुद्यान' जस्ता कथाको अध्ययन गर्दा कतिपय नेपाली परिवारहरूमा विवाह भएको धेरै समय बित्दा पनि जैजन्म नहुनुको पछिल्तिर मानिसहरूमा भएको अशिक्षा र ज्ञानाभाव नै हो भन्ने स्पष्ट बुझिन्छ।

- समाजमा प्रचलित कुप्रथा तथा छुवा-छुत विषयलाई लिएर सानु लामाले 'सात भाईकी चेली' कथाबाहेक अन्य कुनै कथा पनि लेखेको छैन। प्रस्तुत कथामा पनि विवाहको समयमा जातलाई लिएर सामान्य मनमुडाउ भएको तथा पछि त्यो पनि समाप्त भएको चित्रण गरिएको छ। यसको तुलनामा भारतीय अन्य कथाकारहरूले छुवाछुत प्रथालाई लिएर प्रशस्तै कथा लेखेका छन्। जसमध्ये रूपनारायणको 'बिग्रेको बाहुन', शिवकुमार राईको 'मानिस' आदिलाई प्रमुख कथाका रूपमा अघिसार्न सकिन्छ।
- सानु लामाले कतिपय कथाहरूमा परिवारभित्रका सदस्यहरूमध्ये प्रमुख मानिने पति तथा पत्नीको मृत्यु देखाएर उनले कथाको परिवेश कारुणिक बनाएका छन्। यसो भए तापनि कुनै कथामा पनि परिवारका जीवित सदस्यले दोस्रो विवाह गर्ने विचार समेत गरेका छैनन्। अतः उनी एकविवाही परिवार प्रथालाई नै मान्यता दिने कथाकार देखिन्छन्।